"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका

Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति: २०७७/०५/०२

नगर प्रमुखद्वारा कुशे औंसीको शुभकामना

## चाडवाडमा सजगता अपनाउन अपिल

भाद्र औंसीका दिन मनाइने कुशे औंसी तथा बुवाको मुख हेर्ने दिनको अवसरमा म नगरबासी बुवाहरूलाई सुस्वास्थ्य एवम् दीर्घायुको कामना गर्दछु । कुशे औंसीको अवसरमा आफ्नो जन्म दिने बुवालाई विशेष सम्मान गर्ने र बुवा नहुनेले नजिकको तीर्थमा गएर श्राद्ध, तर्पण, दान गर्ने परम्परा छ ।

'पितृदेवो भव' अर्थात् जन्म दिने बाबुलाई देवता समान मान भन्ने धार्मिक मान्यताका आधारमा छोराछोरीले पितालाई विशेष सम्मान गर्छन् । बुवालाई मिठो मिठो खुवाउने, भेटघाट र जमघट गर्ने चलन नेपाली समाजमा पनि बढ्दै गएको छ । तर, यसपटक भने चाडवाडमा हुने जमघट, भेटघाट र सामूहिक खानपिनलाई बाध्यतावस स्थगित गर्नुपर्ने अवस्था आएको छ ।

कोरोना भाइरस संक्रमण दैनिकरूपमा वृद्धि हुँदै गएको र महामारीको रूप लिएकाले कुशे औंसीको अवसरमा सामूहिक भेटघाट गर्ने, जमघट गर्ने कार्य नगरिदिनुहुन अनुरोध गर्दछु । भर्चुअल माध्यमबाटै आशिर्वाद लिन/दिन अनगरबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरूहरूमा अपिल गर्दछु ।

साथै, धार्मिक स्थलमा गई पितृप्रति सम्मानका साथ श्राद्ध गर्ने कार्य यसपटकलाई घरमै गर्न, धार्मिक स्थलमा जानैपरे स्वास्थ्य सजगता अपनाउन, सवारीमा आउजाउ गर्दा ख्याल गर्न, मास्क, स्यानिटाइजर प्रयोग गर्न अनुरोध गर्दछु ।

अन्त्यमा, फेरि पनि कुशे औंसी तथा बुवाको मुख हेर्ने दिनको शुभकामना !

**रामेश्वर श्रेष्ठ**
नगर प्रमुख